# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– १, अंक– ५, मंसिर २०६०, (Dec., 2003) काठमाडौं


## विश्वका बालबालिकाको अवस्था

'विश्वका बालबालिकाको अवस्था २००४' सम्बन्धी प्रतिवेदनले आजको विकसित समाजको जटिलता प्रष्ट्याएको छ । यो प्रतिवेदन बालिकामा केन्द्रित हुनुको मुख्य कारण उनीहरू सधैं पछाडि पर्नु हो । केटीहरूले पाएको सबै सुविधा केटाहरूले पाउने अवस्था छ, तर केटाले पाए सरहको केटीले पाउँछन् भन्ने छैन । यतिकै छाड्ने हो भने उनीहरू शारीरिक तथा यौन शोषण र अन्य प्रकारका शोषणबाट पीडित हुन सक्छन् । बढ्दो लैङ्गिक विभेद र विद्यालय छाड्ने बालिकाहरूको संख्या वृद्धि भइरहेको आजको अवस्थामा यो प्रतिवेदन उनीहरूका परिवार, समाज र देशका लागि नै एउटा महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । प्रतिवेदन बालिका शिक्षालाई सुदृढ बनाउन र बालबालिकाको जीवन पद्धतिमा सुधार ल्याउनका लागि युनिसेफ र यसका सहयोगीहरूले तयार पारेको रणनीति, कार्यक्रम र प्रयासहरूसम्बन्धी सूचनाको भण्डार हो ।

### सहस्राब्दी विकासका लक्ष्यहरू

विश्वका बालबालिकाको अवस्था सम्बन्धी प्रतिवेदनले शिक्षा क्षेत्रमा लैङ्गिक समानताको जग नबसाएसम्म अन्य लक्ष्यका उपलब्धि दिगो हुन नसक्ने किटान गरेको छ । प्राथमिक तथा निम्न माध्यमिक तहमा लैङ्गिक समानता निकै महत्वपूर्ण हुन्छ भन्ने कुरालाई विचार गरेर यसलाई अन्य लक्ष्यहरू भन्दा दश वर्ष अगाडि अर्थात् सन् २००५ सम्ममा विश्वव्यापीरूपमा सम्पन्न गर्ने तयारी गरिएको छ । विश्वका विभिन्न मुलुकमा हजारौं सफल परियोजनाहरू हुँदाहुँदै पनि शिक्षा क्षेत्रमा लैङ्गिक समानता एउटा सपनाका रूपमा मात्र रहेको छ । विश्वमा १२ करोड १० लाख बालबालिका विद्यालयभन्दा बाहिर रहेका छन् जसमा ६ करोड ५० लाख बालिकाहरू विद्यालय नजाने कुराको प्रत्यक्ष साक्षी 'विश्वका बालबालिकाको अवस्था २००४' प्रतिवेदन छ ।

विश्वव्यापी औसतमा हेर्दा बालिकाहरू विशेषरूपमा भोकमरी र गरिबीको जोखिममा रहेको देखाएको छ । प्रतिवेदनले केटाहरूभन्दा केटीहरू एचआईभी/एड्स, यौन शोषण र बेचबिखनका दृष्टिले बढी जोखिममा रहेको पनि औंल्याएको छ । कुनै किसिमको ज्ञान र जीवनोपयोगी सीप नभएका महिलालाई विद्यालयले ती कुरा प्रदान गर्ने तथा शिक्षित समकक्षीहरूको तुलनामा उनीहरू विभिन्न खाले जोखिमहरूमा पर्न सक्ने र त्यसका विभिन्न असरहरू पछिल्लो पुस्तामा समेत पर्नसक्ने जस्ता निचोडहरू प्रतिवेदनले प्रस्तुत गरेको छ । शिक्षाले महिलाहरूमा आत्मविश्वास, आयआर्जन र स्वास्थ्य जस्ता विषयमा समेत सुधार गर्ने निचोड निकालेको छ ।

### कामको थालनीको आह्वान

प्रतिवेदनले बालिकाहरूका लागि शिक्षा कार्यक्रममा गरिने लगानी नै आदर्श लगानी भएको निश्कर्ष निकालेको छ । बालिकाको लागि दिइने शिक्षाले स्वास्थ्य हेरचाह प्रणाली, गरिवी निवारण र राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण जस्ता अन्य सामाजिक विकासका क्षेत्रहरूमा थप सहयोग पुऱ्याउँछ । सन् २०१५ सम्ममा दाता राष्ट्रहरूले ६ सय खर्ब अमेरिकी डलर बराबरको वाह्य सहायता प्रदान गर्नुपर्नेछ । विद्यालयमा भर्ना गराउने र उनीहरूलाई विद्यालयमा राखिरहनका लागि एकीकृत विकासको अवधारणा आवश्यक छ । प्रतिवेदनमा प्रस्तुत तथ्यहरूले सबैका लागि शिक्षाको चुनौती भनेको शैक्षिक, आर्थिक, स्वास्थ्य, श्रम, न्याय र योजना

## बालिका शिक्षाको विश्वव्यापी अभियान

संयुक्त राष्ट्रसंघीय बालकोषले सन् २००५ सम्ममा शिक्षामा लैंगिक असमानता समाप्त गर्ने शिक्षा अभियान आरम्भ गरेको छ । बालिका शिक्षाको स्थिति चुनौतीपूर्ण भएको तथा सहायताको आवश्यकता परेका देशमा सहस्राब्दी विकास लक्ष्य (मिलेनियम डेभलपमेन्ट गोल) बढी केन्द्रित रहनेछ । युनिसेफका कार्यकारी निर्देशक क्यारोल बेलामीले २००४ मा विश्वका बालबालिकाको स्थितिका विषयमा सार्वजनिक गर्नुभएको प्रतिवेदनमा मानअधिकारमुखी शिक्षालाई जोड दिनुभएको छ । आफ्नो विज्ञप्तिमा बलामीले बहुआयामिक अवधारणाको शिक्षाले बालिका शिक्षालाई अगाडि बढाउने बताउँदै अन्तर्राष्ट्रिय समुदायको लक्ष्य प्राप्त गर्न तथा सबै बालबालिकालाई शिक्षा दिँदै समाज र देशको विकास गर्न एवं प्रमुख विकास लक्ष्य प्राप्त गर्न मद्दत गर्ने बताउनु भएको छ ।

विश्वका बालबालिकाको स्थिति २००४ ले बालिका शिक्षालाई अन्तर्राष्ट्रिय विकास समुदायको निर्णायक मुद्दाका रूपमा प्रस्तुत गरेको छ । अहिले विश्वमा १२ करोड १० लाख विद्यालय जान नपाएका बालबालिकाहरू छन्, जसमा ६ करोड ५० लाख बालिका छन् । प्रतिवेदनले यी सबै बालबालिकाहरूलाई विद्यालय पठाउने अभियान थाल्नुपर्ने आवश्यकतामा जोड दिएको छ । विश्वका विभिन्न नेताहरूले सहस्राब्दी विकास लक्ष्य, २०१५ घोषणा गरेका छन् । भोकमरी र चरम गरिबी निर्मूल गर्ने, विश्वव्यापी रूपमै प्राथमिक शिक्षा उपलब्ध गराउने, महिला सशक्तीकरणमा जोड दिँदै लैंगिक समानता बढाउने, मातृस्वास्थ्यमा सुधार गर्दै बाल मृत्युदर घटाउने, एड्स, मलेरिया जस्ता रोगहरू विरूद्ध लड्ने आदि कार्यक्रम सो लक्ष्यमा पर्दछन् । यिनै लक्ष्यको पहिलो चरण २००५ सम्ममा बालक र बालिकाको संख्या बराबर पार्ने अभियानलाई मूर्तरूप दिन लागिएको हो ।

विश्वका बालबालिकाको स्थिति २००४ को प्रतिवेदनले सिद्धान्त, अभ्यास तथा नीतिकै कारण विश्वकै बालबालिकाहरू विभेदको शिकार भएको स्वीकार गरेको छ । यस स्थितिको अन्त्य गर्न बालिकाहरूको आफ्नै क्षमता पहिचान र आत्मनिर्भरताको विकास गर्दै हिंसा र स्वास्थ्यको स्थितिमा सुधार गर्ने अभियान आरम्भ गरिएको छ । शिक्षामा लगानीलाई प्रतिफल तथा नाफासँग जोडेर हेरेका कारण विगतमा बालिका शिक्षाको विषय प्राथमिकतामा परेन । हाल भने विकसित देशका अभ्यासहरूले आर्थिक विकास र असमानता हटाउन बालिका शिक्षा सहायकसिद्ध हुन्छ भन्ने कुरा सावित गरिसकेका छन् । बालिका शिक्षामा गरिएको लगानीले दीर्घकालीन रूपमा प्रतिफल समेत दिने गर्दछ । शिक्षा, स्वास्थ्य, सरसफाई जस्ता कुरामा बालिका शिक्षाले सामाजिक परिवर्तन ल्याउँछ । प्रतिव्यक्ति आम्दानी र कूल गार्हस्थ उत्पादनमा बालिका शिक्षाले सकारात्मक प्रभाव पार्ने गर्छ । शिक्षामा लैंगिक समानता नभएका देशमा विकास कार्यमा बढी लगानी गर्नुपर्ने हुन्छ । बालिकालाई शिक्षा दिइएपछि अर्को पुस्ता स्वतः शिक्षित हुन्छ भन्ने कुरा ध्रुवसत्य भइसकेको छ । त्यस्तै बालिका शिक्षाले महामारी, पारिवारिक स्वास्थ्य र मातृमृत्युदरमा समेत दीर्घकालीन रूपमा सकारात्मक असर पार्छ ।

विश्वका थोरै क्षेत्रमा मात्रै शिक्षामा लैंगिक समानताको नजिक पुगेका छन् । तर बाँकी विश्वको लागि धेरै काम गर्नु जरूरी देखिएको छ । यसै कुरालाई मध्यनजर गरी सन् २००२ पछि शिक्षामा र अझ बढी लैंगिक समानताका निम्ति दातृ संस्था र दातृ राष्ट्रहरू अनुदान दिन तयार देखिएका छन् । सिंगो विश्व नै एड्सको समस्याबाट पीडित भएको सन्दर्भमा सिंगो समुदायलाई शिक्षित बनाउनु आवश्यक पर्छ । यसका निम्ति बालिका शिक्षाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । महिलालाई सिंगो राष्ट्रिय मूलधारमा ल्याउन, विकासको गतिमा सम्पूर्ण मानवलाई समाहित गराउन लगायतका कार्यमा बालिका शिक्षा अपरिहार्य बनेको छ ।

**1fgsf] df]xM पर्साको सुगौली विर्ता गाविस स्थित नेपाल राष्ट्रिय प्रा.वि.का परवेज, असलम, आजाद लगायतका विद्यार्थीहरू । उनीहरुलाई जुनकीरी बालअधिकार र शिक्षा सम्बन्धी जानकारी दिने भरपर्दो माध्यम बनेको छ ।**

तस्वीरः शिवहरि भट्टराई

## शिक्षामा बालिकाको स्थिति सुधार्ने उपाय

- विश्वका ६ करोड ५० लाख बालिकाहरू विद्यालय जानबाट बञ्चित छन् । तिनीहरूले कुनै युद्धले जस्तो ध्यान आफूतिर खिच्न नसके पनि र उनीहरूको प्रतिज्ञाले अर्थ नराखे पनि समाजका हरेक तहको नेतृत्वले केही कदम चालेमा उनीहरूको स्थिति सुध्रिनेछ ।
- विकासको प्रयासमा बालिका शिक्षालाई आवश्यक अंगका रूपमा लिनुपर्छ । मानव अधिकारको सिद्धान्तलाई कार्यान्वयन गर्न, समाजमा समानुपातिक विकास गर्न र सार्वजनिक सेवामा महिला सहभागिता बृद्धि गर्नका लागि समेत यो कुराको आवश्यकता देखिएको छ । बरावरी प्रतिफललाई बरावरी अवसर, बालअधिकार एवं परिवारमा उनीहरूको जीवनमा असर पार्ने विषयमा उनीहरूकै सहभागितासँग समेत जोडेर हेरिनुपर्छ ।
- समुदायलाई सचेत र जागरूक बनाउने किसिमले राष्ट्रियस्तरमा कार्यक्रम र नाराहरू तय गर्नुपर्छ । छोरीहरूलाई छोराहरूलाईभन्दा पनि बढी काममा लगाउने र विद्यालय नपठाइने भएका कारण यस्तो कार्यक्रमको आवश्यकता परेको हो । सरकारले विद्यालय बाहिर रहेका बालबालिकाको संख्या निरन्तर प्रकाशन गर्दै उनीहरूका विषयमा कार्यक्रम लागू गर्ने गर्नुपर्छ । शिक्षामा लैंगिक समानता नभएसम्मका लागि शिक्षाकर वा आवश्यक अन्य कर उठाएर लक्षित समुदायमा वितरण गर्नुपर्छ ।
- विद्यार्थीहरूलाई कुनै किसिमको विद्यालय शुल्क तिर्न लगाउनु हुँदैन । हरेक प्राथमिक विद्यालयलाई निःशुल्क, अनिवार्य एवं विश्वव्यापी गराइनुपर्छ ।
- शिक्षाको भित्री र बाहिरी दुवै पाटोको विचार गर्नुपर्छ । राष्ट्रियस्तरमा नीतिलाई गरिबी निवारणसँग जोडनुपर्छ । भेदभाव विरूद्धका कानुन हटाउने, स्वास्थ्य, सरसफाई र पिउने पानीमा सुधार ल्याउने, एचआईभी/एड्स नियन्त्रण कार्यक्रम ल्याउने, शिशु विकास कार्यक्रम ल्याउने, हिंसा नियन्त्रण गर्ने र बालबालिकाहरूलाई गालीगलौज एवं तनावबाट टाढा राख्नुपर्छ । यस्ता प्रयासले बालिका शिक्षामा महत्वपूर्ण भूमिका खेल्छन् ।
- एचआईभी/एड्सको कारण मरेका बाबु-आमाका टुहुरा केटाकेटी र द्वन्द्वमा रहेका बालबालिकाको लागि समाज विकास केन्द्रको रूपमा विद्यालयहरू स्थापना गर्नुपर्छ । यसको असर समाजको युवा तथा प्रौढ पुस्तामा समेत सकारात्मक रूपले पर्नेछ ।
- मानव अधिकार तथा आर्थिक दृष्टिकोणले प्रेरित हुँदै राज्यले लगानी, नीति तथा संस्थागत, सेवा तथा सैद्धान्तिक अवधारणामा स्पष्ट हुनुपर्छ ।
- शिक्षाको लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन समेत पछि पर्नु हुँदैन । बालिका शिक्षालाई पहिलो प्राथमिकतामा पार्ने गरी १० प्रतिशत लगानी आधारभूत शिक्षामा गर्नुपर्छ । औद्योगिक देशहरूले आफ्नो कुल राष्ट्रिय उत्पादनको ०.०७ प्रतिशत अनुदान दिने र ०.१५ प्रतिशत कम विकसित देशलाई दिने नीति बनाउनु पर्छ ।

**फुर्सदमा आफ्नी आमालाई पढाउँदै गरेकी लालकुमारी**

## विदेशको प्रयास पनि हेरौं

नेपालका सन्दर्भमा विश्वकै विभिन्न देशका पछिल्ला प्रयासहरू अनुकरणीय उदाहरण बन्न सक्ने देखिन्छ । बर्मा अर्थात म्यानमारले विद्यालयमा आधारित स्वास्थ्य जीवन र एचआईभी/एड्स रोकथाम शिक्षा कार्यक्रम लागू गऱ्यो । २ कक्षा देखि ९ कक्षासम्म यो शिक्षा आरम्भ गरियो । समाजिक मुद्दाहरू एचआईभी/एडस जस्ता स्वास्थ्य समस्या, बैयक्तिक स्वास्थ्य, पोषण र औषधि जस्ता स्वास्थ्यको विषय र जीवनस्तर उकास्ने तरिकाहरू शिक्षामा समावेश गरिएका छन् । सन् १९९८ मा नयाँ सरकारी कार्यक्रमका रूपमा लागू गरिएको यस अभियानले १३ लाख (१.६ मिलियन) बालबालिकालाई शिक्षामा ल्याएको छ । करिव ९ हजार विद्यालयका विद्यार्थी जीवन क्षमता विकासको अभियानमा सामेल भएको दावी म्यानमार सरकारले गरेको छ ।

टर्की सरकारले भने स्थानीय शिक्षण केन्द्रहरूको सफलताको कारण बालिका शिक्षाको लागि नीति नै परिवर्तन गरेको छ । टर्कीको शिक्षा मन्त्रालयले खुला प्राथमिक विद्यालयहरूलाई प्रोत्साहन गरेको छ । घरमै काम गरिरहेका बालिकाहरूलाई सरता खुला प्राथमिक विद्यालयहरूलाई आदर्श स्वरूपका रूपमा स्वीकार गरेको छ । यस्ता खुला अवधारणाका प्राथमिक विद्यालयहरू घरमै काम गरिहेका बालिकाहरूलाई लक्षित गरेर खोलिएको हुन्छन् । आफ्नै परिवारको बोझमा मात्रै अल्मलिइरहेका र प्राथमिक विद्यालयमा शिक्षा लिन नपाएका बालिकाहरूलाई लक्षित गरेर यी विद्यालयहरू खोलिएका हुन् ।

विश्वव्यापी रूपमै संयुक्त राष्ट्रसंघीय बालकोषले शिक्षामा लैंगिक अन्तर घटाउने र शिक्षा प्रदान गर्ने काम गरिहेको छ । यसै क्रममा युद्धपछिको अफगानिस्तान पनि उदाहरणीय बनेको छ । विद्यालयमा बालबालिका पढाउने अभियानले ४० लाख बालबालिकालाई विद्यालय भर्ना गरायो । यो संख्यामा १० लाख संख्या बालिकाहरूको छ । अफगान सरकारले स्थानीय समुदाय, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय समुदायसँग मिलेर बीस वर्ष अगाडिदेखि युद्धका कारण बन्द भएका विद्यालय भवनहरू पुनर्निर्माण गर्ने अभियान थाल्यो ।

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, इमेलः ejg@ntc.net.np, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, फोनः ४–४२१४१०, सम्पादनः पदम